# हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको
# सत्रौं बार्षिक साधारण सभाको
# निर्णय विवरण (माईन्युट)

१. **बैधानिक रुपमा सभाको संचालनः**

हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको संचालक समितिको मिति २०८१।१०।१४ गते सोमबार (तद्नुसार २७ जनवरी २०२५) बसेको ३५ औं बैठकको निर्णयानुसार बोलाईएको सत्रौं बार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री शुलभ अग्रवालज्यूको अध्यक्षतामा मिति २०८१।११।११ गते आइतबार (तदनुसार २३ फेब्रुवरी २०२५) बिहान १०:३० बजे देखि दिउँसो १२:१५ बजे सम्म अनुपम फुडल्याड एण्ड बैंक्वेट, बत्तिसपुतली काठमाण्डौंमा बसी देहायका बिषयहरु उपर छलफल तथा निर्णय भयो ।

२. **सभाको सूचना प्रकाशनः**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको बार्षिक साधारण सभाको सूचना, यस हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड र साविक गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एवं यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदन सहितको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सभाको पहिलो सूचना मिति २०८१/१०/१५ गतेको कारोवार राष्ट्रिय दैनिक र दोश्रो सूचना मिति २०८१/११/०५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । त्यसैगरी बार्षिक साधारण सभाको सूचना कम्पनीको वेवसाइट www.himalayanlife.com.np मा राखी सम्बन्धित निकायहरुमा समेत पेश गरिएको थियो ।

३. **छलफलका बिषयहरुः**

क. **साधारण प्रस्तावः**

१. संचालक समितिको आ.व. २०७९/८० को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. यस कम्पनीको आ.व.२०७९/८० को र यस कम्पनीमा मर्ज भएको साविक गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड) को आ.व. २०७९/८० को (मर्ज अघि सम्मको) लेखापरीक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने ।

३. संचालक समितिको निर्णय बमोजिम आ.व. २०८०/८१ को लागि बाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदत्त गर्ने (हालको लेखापरीक्षक एलएसपि एशोसिएट्स एण्ड चार्टर्ड एकाउन्टेण्ट पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ) ।

ख. **विशेष प्रस्तावः**

१. संचालक समितिबाट सिफारिस भई नेपाल बीमा प्राधिकरणबाट स्वीकृत भए बमोजिम आ.व. २०७९।८० को लागि कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी ८,०२,०३,८३,६०२।- मा १४ प्रतिशतको दरले हुन आउने रु. १,१२,२८,५३,७०४।- (अक्षरेपी एक अर्ब बाह्र करोड अट्ठाईस लाख त्रिपन्न हजार सात सय चार) बराबरको बोनश शेयर वितरण गर्ने र बोनश शेयरमा लाग्ने कर वापतको रकम स्वयं शेयरधनीले भुक्तानी गर्ने प्रस्ताव पारित गर्ने । बोनश शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत रुपमा राख्ने प्रस्ताव पारित गर्ने ।

२. बोनश शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता तथा जारी पूंजी रु. ९,१४,३२,३७,३०६।- (अक्षरेपी नौ अर्ब चौध करोड बत्तिस लाख सैतिस हजार तीन सय छ) कायम हुन आउने भएकोले बृद्धि हुने पूंजीलाई समावेश गरी प्रबन्धपत्रमा संसोधन गर्ने प्रस्ताव पारित गर्ने ।

३. कम्पनीको प्रबन्धपत्रमा आवश्यक संसोधन गर्ने साथै कम्पनीको प्रवन्धपत्र तथा अन्य प्रस्तावित बिषय उपर नियमनकारी निकायहरुले कुनै फेरबदल, संसोधन एवं परिमार्जनको लागि निर्देशन दिएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी दिने ।

४. कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम आ.व. २०७९।८० मा भएको खर्चको अनुमोदन गर्ने ।

ग. **विविधः**

४. **साधारण सभामा उपस्थितीः**

४.१ **संचालक समितिका पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री शुलभ अग्रवाल | अध्यक्ष |
| २. | श्री सौरभ दुगड | संचालक |
| ३. | श्रीमती प्रमिला के.सी. | संचालक |
| ४. | श्री सचिन आचार्य | संचालक |
| ५. | श्री दिगम्बर झा | स्वतन्त्र संचालक |

४.२ **अन्य पदाधिकारीहरुको उपस्थिती**

| | | |
|---|---|---|
| १. | श्री मनोज कुमार लाल कर्ण | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री कपिल कुमार दाहाल | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री माधव प्रसाद शर्मा | कनिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री राजन प्रसाद अधिकारी | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ५. | श्री हरि प्रसाद ढुङगाना | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ६. | श्री ईश्वर कुमार सेडाई | कम्पनी सचिव |
| ७ | श्री नविन थापा | जोनल हेड |

५. **सभाको गणपुरक संख्या:**

| | |
|---|---|
| कुल शेयर संख्या | ८,०२,०३,८३६.०२ कित्ता |
| जम्मा शेयरधनी संख्या | ५,१५,२१३ जना |
| आवश्यक गणपुरक शेयर संख्या | ४,०९,०३,९५६.३६ कित्ता |
| स्वयं उपस्थित शेयर संख्या | ९४,१५,६७६ कित्ता |
| प्रतिनिधिपत्र मार्फत उपस्थित शेयर संख्या | ३,४३,३६,४५९ कित्ता |
| जम्मा उपस्थित शेयर संख्या | ४,३७,५२,१३५ कित्ता |
| स्वयं उपस्थित शेयरधनी | ६७१ ज्ना |
| प्रतिनिधिपत्र मार्फत उपस्थित शेयरधनी | ११० जना |
| जम्मा उपस्थित शेयरधनी | ७८१ ज्ना |
| जम्मा उपस्थित शेयर प्रतिशत | ५४.५५ |

६. **सभाको बैधानिकता:**

कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाईएको, कम्पनी ऐनको दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरि कम्तीमा ३ जना शेयरधनीको स्वयं उपस्थिती हुनु पर्ने व्यवस्था भए अनुसार कम्पनीको सत्रौं बार्षिक साधारण सभामा ६७१ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र प्रोक्सी मार्फत ११० जनाको गरी जम्मा ७८१ जनाको उपस्थिती रहेको र सो उपस्थिती कुल शेयर संख्याको ५४.५५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिव ईश्वर कुमार सेडाईले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानुन अनुसार सत्रौं बार्षिक साधारण सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७. **बार्षिक साधारणसभाको प्रस्तुति:**

बार्षिक साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्ष श्री शुलभ अग्रवालले गर्नु भएको थियो । बार्षिक साधारण सभामा संचालक समितिको सदस्य श्रीमती प्रमिला के.सी.ज्यूले स्वागत मन्तब्य राख्नु भएको थियो । तत्पश्चात संचालक समितिको अध्यक्ष श्री शुलभ अग्रवालज्यूले मन्तब्य राख्नु हुदै पूंजीगत हिसावले हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड नेपालको अग्रणी कम्पनी भएको र आगामी दिनमा समग्र वित्तीय सूचकहरु पनि उत्कृष्ठ बनाउदै लैजाने बताउनुभयो । मन्तब्य पश्चात सभाका अध्यक्षज्यूले संचालक समितिको बार्षिक प्रतिवेदन पेश गर्नुभयो र उपस्थित सवै शेयरधनी महानुभावहरुलाई पूर्व निर्धारित छलफलको बिषय सूचीमा उल्लेख गरिएका साधारण र बिशेष प्रस्तावहरुको बारेमा जानकारी गराउनु भयो । साधारण सभामा प्रस्तुत गरिएका बिषयहरु कुनै सुझाव भए छलफलमा भाग लिनको लागि सम्पूर्ण शेयरधनी महानुभावहरु समक्ष अध्यक्षज्यूले

आग्रह गर्नुभयो । त्यसपश्चात कम्पनीका निम्न शेयरधनीहरुले छलफलमा भाग लिदै सुझाव तथा जिज्ञासाहरु राख्नु भएको थियो ।

**जगन्नाथ आचार्य**

कम्पनीले १४ प्रतिशत बोनश शेयर वितरण गरेर शेयरधनीहरुलाई उत्साहित बनाएकोमा कम्पनीलाई बधाई तथा धन्यवाद दिनुभयो । कम्पनीले निरन्तर व्यवसाय राम्रो गरिरहेकोले आगामी दिनमा पनि शेयरधनीलाई लाभांश उपलब्ध गराउने गरी कार्य गर्न सुझाव दिनुभयो ।

**उत्तम दत्त पाण्डे**

कम्पनीको वित्तीय सूचकहरु राम्रो देखिएको, १४ प्रतिशत बोनश शेयर वितरण गर्नु सकरात्मक पक्ष भएको र कम्पनीले निरन्तर प्रगती गर्दै गएको देखिन्छ । कम्पनीले आगामी दिनमा समेत उत्कृष्ठ कार्य गरी शेयाधनी तथा बीमितहरुलाई उचित प्रतिफल प्रदान गर्न सफल होस भनि शुभकामना दिनुभयो ।

**चन्द्रनारायण श्रेष्ठ**

बोनस शेयर वितरण गरेर शेयरधनीहरुको लगानीलाई कम्पनीले सुरक्षित गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले कम्पनीको व्यवसायलाई मुनाफा बढाउने गरी कार्य गर्न व्यवस्थापनलाई सुझाव दिनुभयो ।

**उद्धव प्रसाद घिमिरे**

कम्पनीको मर्जर पश्चात व्यवसाय बढेको, बित्तिय अवस्था सुदृढ रहेको देखिएको, कम्पनीको पहुँच र प्रभाव बिस्तार भईरहेको बताउनुभयो । कम्पनीको नाफा बढाई शेयरधनीहरुलाई प्रत्येक बर्ष प्रतिफल प्रदान गर्ने कार्यमा ध्यान दिन सुझाव दिनुभयो ।

**गुणराज भट्ट**

कम्पनीले शेयरधनीहरुलाई १४ प्रतिशत बोनश शेयर प्रदान गरेर खुशीको संचार गरेको बताउनुभयो । आगामी दिनमा समेत कम्पनीको शेयरधनीहरुलाई प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिनको लागि सुझाव दिनुभयो ।

**प्रकाश भुषाल**

कम्पनीलाई व्यवसायिक योजनाको साथ अगाडी बढाउन प्रभावकारी रुपमा कार्य गर्नु पर्ने सुझाव दिदै शेयरधनीहरुलाई उचित प्रतिफल दिने व्यवस्था सुनिश्चित गर्न आग्रह गर्नुभयो । उहाँले आगामी दिनमा कम्पनीको बिशेष ध्यान शेयरधनी, बीमितहरुको हितमा होस भनि शुभकामना दिनुभयो ।

**ध्रुब न्यौपाने**

कम्पनीको समग्र अवस्था सुधार हुदै गईरहेको देखिएकोले भविष्यमा समेत यसलाई निरन्तरता दिनको लागि आग्रह गर्नुभयो । उहाँले कम्पनीको व्यवसायलाई मुनाफा बढाउने गरी कार्य गर्न र शेयरधनीहरुलाई उचित प्रतिफल प्रदान गर्न व्यवस्थापनलाई सुझाव दिनुभयो ।



हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड HIMALAYANLIFE

**ईन्द्रकृष्ण श्रेष्ठ**

कम्पनीले शेयरधनीहरुलाई १४ प्रतिशत बोनश शेयर बितरण गरेर उत्साहित बनाएको बताउनुभयो । आगामी दिनमा समेत कम्पनीले यसैगरी लाभांश बितरण गर्दै कम्पनी प्रतिको बिश्वास बढाउने काम गर्न सुझाव दिनुभयो ।

**उत्सव श्रेष्ठ**

कम्पनीले शेयरधनीहरुलाई १४ प्रतिशत बोनश शेयर वितरण गर्ने कार्य प्रशंसनिय भएको र आउने दिनहरुमा समेत शेयरधनीहरुलाई लाभ वितरण गर्न कम्पनीले ध्यान दिन सुझाव दिनुभयो । व्यवसायको आकार बढाउन र लगानीको सुनिश्चित गर्न कम्पनीलाई आग्रह गर्नुभयो ।

**कृष्ण प्रसाद अधिकारी**

कम्पनीको प्रस्तुत वित्तीय विवरणमा उल्लेखित सूचकहरु सकारात्मक रहेको र भविष्यमा समेत राम्रो हुदै जाओस भनि शुभकामना व्यक्त गर्नुभयो । शेयरधनीहरुलाई लाभांश वितरण गर्ने कार्य प्रशंसनिय भएको हुनाले आगामी दिनमा व्यवसाय बिस्तारमा समेत ध्यान दिन सुझाव दिनुभयो ।

यसैगरी कम्पनीको शेयरधनीहरु नरसिंहलाल चंखु, बैजुनाथ रौनियार, अमिर दास श्रेष्ठ, लक्ष्मण बहादुर श्रेष्ठ, ब्रम्हदेब शाक्य र सुदिप श्रेष्ठले लिखित मन्तब्य राख्दै कम्पनीले शेयरधनीहरुको १४ प्रतिशत बोनश दिएर प्रशंसनिय कार्य गरेको र भविष्यमा समेत शेयरधनीहरुलाई उचित लाभांश प्रदान गर्ने व्यवस्था गर्नको लागि सुझाव दिनुभयो ।

**शेयरधनीहरुको जिज्ञासा तथा सुझाव पश्चात कम्पनीको जवाफः**

कम्पनीका शेयरधनीहरुले राख्नु भएको जिज्ञासा तथा सुझावहरुको सम्बन्धमा कम्पनीको अध्यक्ष श्री शुलभ अग्रवाल र प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार लाल कर्णले जवाफ दिनु भएको थियो ।

**अध्यक्ष श्री शुलभ अग्रवालले दिनु भएको जवाफको सारः**

शेयरधनीहरुले कम्पनीको हितको लागि व्यक्त गर्नु भएको बिचारहरु स्वागतयोग्य रहेकोले दिनमा कम्पनीको नाफा बढाई शेयरधनीहरुलाई उचित प्रतिफल दिने बिश्वास दिलाउनुभयो ।

**प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार लाल कर्णले दिनु भएको जवाफको सारः**

शेयरधनीहरुले दिनु भएको सुझावहरु स्वागतयोग्य भएकाले शेयरधनीहरुको विचार र भावना अनुसार कार्य गर्ने बताउनुभयो । कम्पनीलाई बीमा क्षेत्रको सवल र सक्षम कम्पनी बनाउन प्रयासरत रहेको जानकारी गराउँदै शेयरधनीहरुले कम्पनीको हित हुने गरी दिएको सुझावहरुलाई कार्यान्वयन गरिने बताउनुभयो ।



हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड HIMALAYAN LIFE

८. <u>साधारण सभाको निर्णयहरु:</u>

१. संचालक समितिको आ.व. २०७९/८० को बार्षिक प्रतिवेदन पारित गर्नको लागि सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सभाबाट प्रस्तुत बार्षिक प्रतिवेदन सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

२. यस कम्पनीको आ.व.२०७९/८० को र यस कम्पनी संग मर्ज भएको साविक गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड) को आ.व. २०७९/८० को (मर्ज अघि सम्मको) लेखापरीक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचीहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तीय विवरण पारित गर्नको लागि सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सभाबाट प्रस्तुत वित्तीय विवरण सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

३. लेखापरीक्षण समितिको सिफारिस तथा संचालक समितिको निर्णय बमोजिम आ.व. २०८०/८१ अवधिको लागि बाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने प्रस्ताव अध्यक्षज्यूले पेश गर्नु भएकोमा सभाले एलएसपि एशोशिएट्स चार्टर्ड एकाउन्टेण्ट्सका चार्टर्ड एकाउन्टेण्ट्स श्री सतिस चन्द्रलाल लाई आ.व. २०८०।८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजले कम्पनीको बाह्य लेखापरीक्षण गरे वापत लेखापरीक्षण शुल्क कर समेत रु. ७,००,०००।- (अक्षरेपी सात लाख) प्रदान गर्ने निर्णय सर्वसम्मतीले अनुमोदन गरियो ।

(ख) <u>विशेष प्रस्ताव:</u>

१. संचालक समितिबाट सिफारिस भई नेपाल बीमा प्राधिकरणबाट स्वीकृत भए बमोजिम आ.व. २०७९।८० को लागि कम्पनीको हाल कायम रहेको चुक्ता पूंजी ८,०२,०३,८३,६०२।- मा १४ प्रतिशतको दरले हुन आउने रु. १,१२,२८,५३,७०४ ।- (अक्षरेपी एक अर्ब बाह्र करोड अठ्ठाईस लाख त्रिपन्न हजार सात सय चार) बराबरको बोनश शेयर वितरण गर्ने र बोनश शेयरमा लाग्ने कर वापतको रकम स्वयं शेयरधनीले भुक्तानी गर्ने साथै बोनश शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत रुपमा राख्ने प्रस्ताव अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सभाले चुक्ता पूंजी ८,०२,०३,८३,६०२।- (अक्षरेपी आठ अर्ब दुई करोड तीन लाख त्रियासी हजार छ सय दुई) मा १४ प्रतिशतको दरले हुन आउने रु. १,१२,२८,५३,७०४ ।- (अक्षरेपी एक अर्ब बाह्र करोड अठ्ठाईस लाख त्रिपन्न हजार सात सय चार) बराबरको बोनश शेयर वितरण गर्ने, बोनश शेयरमा लाग्ने कर वापतको स्वयं शेयरधनीहरुले भुक्तानी गर्नु पर्नेमा आयकर ऐन, २०५८ को दफा ४७ क (१) बमोजिम मर्जर भएको कम्पनीका शेयरधनीहरुले मर्जर भएको मितिले २ बर्ष सम्म लाभांश करमा छुट पाउने व्यवस्था भएको हुनाले साविक प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, गुराँस लाइफ इन्स्योरेन्स लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मर्जर भई एकिकृत कारोवार हुनु अघिको मिति २०८०।०१।२५ गते सम्म कायम रहेका शेयरधनीहरुले बोनश शेयरमा लाग्ने कर वापतको रकममा छुट पाउने हुँदा बोनश शेयर वापत लाग्ने कर नलिई बोनश शेयर प्रदान गर्ने र साविक प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, गुराँस लाइफ इन्स्योरेन्स लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी

लिमिटेड मर्जर भई कायम भएको हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको नाममा एकिकृत कारोवार भए पश्चातको मिति २०८०।०१।२६ गते देखि शेयर दाखिल खारेज बन्द भएको मिति २०८१।१०।२५ गते सम्ममा शेयर खरिद गरेका शेयरधनीहरुले बोनश शेयर वापत भुक्तानी गर्नु पर्ने कर वापतको रकम कम्पनीमा जम्मा गरे पश्चात शेयरधनीहरुलाई बोनश शेयर प्रदान गर्ने र बोनश शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत रुपमा राख्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

२. बोनश शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता तथा जारी पूंजी रु. ९,१४,३२,३७,३०६।- (अक्षरेपी नौ अर्ब चौध करोड बत्तिस लाख सैतिस हजार तीन सय छ ) कायम हुन आउने भएकोले बृद्धि हुने पूंजीलाई समावेश गरी प्रबन्धपत्रमा संसोधन गर्ने प्रस्ताव पारित गर्नको लागि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले साविकमा रहेको व्यवस्थालाई तपसिल बमोजिम संसोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**तपसिल**

| दफा | साविकको व्यवस्था | संसोधन हुने व्यवस्था |
|---|---|---|
| ६ (ख) | कम्पनीको जारी तथा चुक्ता पूंजी रु. ८,०२०३,८३,६०२।- (आठ अर्ब दुई करोड तीन लाख त्रियासी हजार छ सय दुई) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १००।- (एक सय) का दरले ८,०२,०३,८३७- (आठ करोड दुई लाख तीन हजार आठ सय सैतिस) थान साधारण शेयरमा विभाजन गरिएको छ । | दफा ६ को (ख) मा हुने संसोधन<br>(ख) कम्पनीको जारी तथा चुक्ता पूंजी रु. ९,१४,३२,३७,३०६।- (नौ अर्ब चौध करोड बत्तिस लाख सैतिस हजार तीन सय छ) हुनेछ । सो पूंजी लाई प्रति शेयर रु. १००।- (एक सय) का दरले ९,१४,३२,३७३.०६।- (नौ करोड चौध लाख बत्तिस हजार तीन सय त्रिहत्तर दशमलव शुन्य छ) थान साधारण शेयरमा विभाजन गरिएको छ । |

३. कम्पनीको प्रबन्धपत्रमा आवश्यक संसोधन गर्ने साथै कम्पनीको प्रबन्धपत्र तथा अन्य प्रस्तावित बिषय उपर नियमनकारी निकायहरुले कुनै फेरबदल, संसोधन एवं परिमार्जनको लागि निर्देशन दिएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पेश गर्नु भएकोमा सभाले प्रबन्धपत्रको दफा ४ (१) थप गर्ने र दफा ५ (२) (ज) मा तपसिल बमोजिम थप/संसोधन गर्ने र अन्य प्रस्तावित बिषय उपर नियमनकारी निकायहरुले कुनै फेरबदल, संसोधन एवं परिमार्जनको लागि निर्देशन दिएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मती रुपमा पारित गरियो ।

**तपसिल**

| दफा | साविकको व्यवस्था | थप/संसोधन हुने व्यवस्था |
|---|---|---|
| ४ (१) | नभएको | दफा ४ (१) को (च) पछि (छ) मा थप हुने<br>(छ) सामूहिक लगानी कोष स्थापना गर्ने । |

हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड

| | | |
|---|---|---|
| ५ (ज) | प्रचलित कानुनको अधिनमा रही कम्पनीको शेयर स्वदेशी वा विदेशी व्यक्ति वा संगठित संस्थाका लागि सार्वजनिक निष्काशन गर्ने । बण्ड वा डिबेन्चर जारी गर्ने वा अन्य उपयुक्त तरिकाबाट ऋण लिने । | दफा ५ (२) को (ज) मा हुने संसोधन<br>प्रचलित कानुनको अधिनमा रही कम्पनीको शेयर स्वदेशी वा विदेशी व्यक्ति वा संगठित संस्थाका लागि सार्वजनिक निष्काशन गर्ने । प्रचलित कानुन बमोजिम कम्पनी कोष प्रवर्द्धक भई सामूहिक लगानी कोष स्थापना तथा संचालन गर्ने, कम्पनीले बिशिष्टीकृत लगानी कोषको प्रबर्द्धकको रुपमा कार्य गर्ने तथा प्राइभेट इक्युटी, भेन्चर क्यापिटल, हेज फण्ड एवं सोही प्रकृतिका अन्य बिशिष्टीकृत लगानी कोषको स्थापना गर्ने तथा सो मा लगानी गर्ने र बण्ड वा डिबेन्चर जारी गर्ने, योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्ने वा अन्य उपयुक्त तरिकाबाट ऋण लिने । |

४. कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम आ.व. २०७९।८० मा भएको खर्चको अनुमोदन गर्ने ।

कम्पनीबाट आ.व.२०७९।८० को अवधिमा सामाजिक उत्तरदायित्व अन्तर्गत साविक गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट भएको खर्च रु. ५०,०००।-, साविक यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट भएको खर्च रु. २,४४,८६४।- र हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडबाट भएको खर्च रु. १,०५,०००।- अनुमोदनका लागि सभाका अध्यक्षज्यूले सभामा प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट सामाजिक उत्तरदायित्व अन्तर्गत भएको जम्मा खर्च रकम रु. ३,९९,८६४।- सर्वसम्मतीले अनुमोदन गरियो ।

ग. विविधः

संचालक समितिमा सर्वसाधारण समूहतर्फबाट प्रतिनिधित्व गर्दै आउनु भएको संचालक श्री राजिव प्रसाल प्याकुरेलले दिनु भएको राजिनामा कम्पनीको संचालक समितिको मिति २०८१।१०।२१ गतेको बैठकबाट स्वीकृत भए पश्चात रिक्त भएको संचालक पदमा संचालक समितिको मिति २०८१।११।०२ गतेको बैठकबाट नियुक्त हुनु भएको संचालक श्री आशिष ढकालको नियुक्ति अनुमोदनको लागि अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सो नियुक्तिलाई सर्वसम्मत रुपमा अनुमोदन गरियो ।

९. धन्यवाद ज्ञापनः

अन्त्यमा, संचालक समितिको सदस्य श्री सौरभ दुगडले धन्यवाद मन्तब्य राख्दै उपस्थित संचालक, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, नियामक निकाय नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, शेयर रजिष्टार प्रभु क्यापिटल लिमिटेड, कर्मचारीहरु, बीमितहरु, अभिकर्ताहरु, संचारकर्मीहरुका साथै कम्पनीको सत्रौं बार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो ।

हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड HIMALAYAN LIFE

१०. **सभाको बिसर्जन:**

बार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको संचालक समितिको अध्यक्ष श्री शुलभ अग्रवालज्यूले सत्रौं बार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्नु भएकोमा शेयरधनीहरु प्रति आभार तथा धन्यवाद प्रकट गर्दै छलफलको अन्य बिषयहरु नभएकोले सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

ईश्वर कुमार सेडाई
कम्पनी सचिव

शुलभ अग्रवाल
अध्यक्ष